# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुडे[illegible], सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

प.सं. :- २०७९/०८०
च.नं. :-

**हाटबजार तथा पार्किङ शुल्क शिलबन्दि दरभाउपत्र आह्वान सम्बन्धी १५ (पन्ध्र) दिने सूचना ।**

**दोस्रो पटक प्रकाशन मितिः- २०८०।०४।२२**

यस धर्मदेवी नगरपालिका नगर कार्यपालिकाको मिति २०८०।०४।२१ को निर्णयानुसार यस नगरपालिका क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमको बजारबाट आ.व. २०८०।०८१ का लागि हाटबजार कर तथा पार्किङ्ग शुल्क ठेक्का लिन इच्छुक व्यक्ति वा फर्मलाई तोकिएको शर्तहरुको अधिनमा रहि रितपुर्वकको गोप्य वोलपत्र यस कार्यालयमा पेस गर्ने सम्बन्धी सबैको जानकारीको लागि पन्ध्र (१५) दिनको सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम रकम रु. (भ्याटसहित) | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३-२०८०/०८१ | धर्मदेवी नगरपालिका क्षेत्र भित्र पर्ने मुढे बजार, बिहिबारे बजार, याक्खा चौक बजार, सोमबारे बजार र पार्किङ्ग शुल्क । | ५,५०,०००।- | १,०००।- | |

शर्तहरुः

१. ठेक्का अवधि सम्झौता मितिदेखि २०८१ आषाढ मसान्त सम्म हुनेछ ।

२. वोलपत्रदाता आफुले कवोल गरेको रकमलाई अङ्क र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

३. आफुले कवोल गरेको अङ्कको नेपाली नागरिक भएमा ५% र विदेशी नागरिक भए १०% धरौटी रकम यस कार्यालयको नेपाल एस.बि.आई बैंक धर्मदेवी शाखाको धरौटि खाता नं. ग-३.१ ४१३२५२४०६०००१० मा रकम जम्मा गरेको बैङ्क भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४. जुन व्यक्ति वा फर्मको नाम वाट वोलपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नाममा वोलपत्र दर्ता गरिनेछ । अन्य व्यक्ति वा फर्मको नामबाट दर्ता गराएको वोलपत्रलाई मान्यता दिइने छैन । वोलपत्र खरिद गर्ने व्यक्तिले नेपाली नागरकिता प्रमाणपत्रको प्रतिलिपी र फर्मले फर्म दर्ता प्रमाणपत्र, आ.व.२०७९।०८० को कर चुक्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी अनिवार्य पेस गर्नुपर्नेछ । साथै हुलाक सेवा, कुरियर आदि वाट पठाएको वोलपत्र स्वीकार्य हुने छैन ।

५: सिलवन्दी खाममा वोलपत्र दाताको नाम र ठेगाना र सम्पर्क नम्बर स्पष्ट रुपले खामको बाहिर उल्लेख गरी खामलाई लाहाछाप गरी पेस गर्नुपर्नेछ ।

६. नगरपालिकालाई बुझाउनुपर्ने राजश्व नबुझाउने व्यक्ति वा फर्मले वोलपत्र खरिद गर्न, भर्न पाउने छैन ।

७. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र वोलपत्र फाराम धर्मदेवी नगरपालिकाको कार्यालयबाट खरिद गरी १६ (सोह) दिनमा दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ र भोलिपल्ट दिनको २:०० बजे देखि बोलपत्र खोल्ने कार्य हुनेछ। बोलपत्र फारम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

८.वोलपत्र खोल्दा बोलपत्रदाताको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ, यदि बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै वाधा अड्चन हुने छैन ।

९. ठेक्का कबोल रकम एकमुस्ट बुझाएमा ५% (पाँच प्रतिशत) छुट दिईनेछ । यदि एकमुष्ठ नबुझाई किस्तावन्दि गरी बुझाउने भएमा सम्झौता गर्दा ३४% (चौतीस प्रतिशत) ले हुन आउने रकम, पहिलो त्रैमासिक वापत कात्तिक मसान्तभित्र बाइस प्रतिशत (२२%) ले हुन आउने रकम, दोस्रो त्रैमासिक वापत फागुन मसान्त भित्र बाइस प्रतिशत (२२%) र अन्तिम किस्ता वापत जेठ मसान्त भित्र बाईस प्रतिशत (२२%) ले हुन आउने रकम यस कार्यालयको राजश्व शाखामा वा यस कार्यालयको नेपाल एस.बि.आई. बैंकको धर्मदेवी शखामा रहेको ग-१.१ आन्तरिक राजश्व खाता ४१३९५२४१२०७००४ मा जम्मा गर्नुपर्नेछ ।

१०. पर्न आएको बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. आफुले कबोल गरेको ठेक्कामा लाग्ने कर शुल्क वोलपत्र दाताले स्वयं आफै ठेक्का रकममा थप गरि कार्यालयमा बुझाउनु पर्नेछ ।

१२. ठेकेदारले सम्झौता पत्रमा तोकिएको वस्तुहरु मात्र तोकिए बमोजिमको दर रेटमा कर दस्तुर असुल उपर गर्नुपर्नेछ । सोभन्दा बढि दस्तुर र दररेटमा असुल गर्न पाईने छैन ।

१३. छुट्टाछुट्टै ठेक्काका लागि छुट्टा छुट्टै दरभाउपत्र फारम खरिद गरी छुट्टाछुट्टै दरभाउपत्र पेस गर्नुपर्नेछ ।

१४. वोलपत्र सम्वन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरी वुझ्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**